# लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७९

इस्मा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

इस्मा रजस्थल, गुल्मी

## लैंगिक हिंसा निवारण कोष(सञ्चालन) कार्यविधि, २०७९

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " लैंगिक हिंसा निवारण कोष(सञ्चालन) कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि इस्मा गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) "कार्यालय" भन्नाले इस्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैंगिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

ग) "पीडित" भन्नाले लैंगिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ । सो शब्दले घरेलु हिंसाबाट पीडित र प्रभावितलाई समेत जनाउँछ ।

घ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

ङ) "राहत समिति" भन्नाले नियम ६ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ ।

च) "लैंगिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैंगिक आधाअरमा हुने हिंसा सम्झनु पर्छ । सो शब्दले घरेलु हिंसा समेतलाई जनाउँछ ।

३. **कोषको स्थापनाः** (१) लैंगिक हिंसा निवारण कोष नामको एक कोष स्पना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु हुनेछन्:-

क) इस्मा गाउँपालिकाबाट प्राप्त रकम,

ख) विभिन्न स्घ संस्था तथा व्यक्तिहरुबाट प्राप्त रकम

ग) अन्य कुनै स्रोतबाट प्राप्त रकम

**स्पष्टिकरणः** यस कोषमा दाखिला हुन आउने रकमको वैद्यानिकता जाँच गरेर मात्र सम्बन्धित व्यक्ति वा संस्थाबाट लिईने छ । आम्दानिको श्रोत नखुलेको सम्पत्ती वा रकम लिईने छैन् ।

(३) उपनियम(१) बमोजिमको रकम बैंक अफ काठमाण्डु लि.मा छुटै खाता खोली जम्मा गरिनेछ ।

(४) कोषको खाता सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

**४. कोषको उपयोगः** (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछः-

क) तत्काल उद्धार गर्न,

ख) औषधी उपचार गर्न,

ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

ङ) कुनै व्यवसाय गर्नकव लागि वीउ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न,

च) पुनर्स्थापना गराउन,

छ) पीडितको लागि राहत समितिले तोके बमोजिमको अन्य काममा,

ज) पीडितका लागि सिप तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यमा,

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएकव भएपनि राहत समितिले लैंगिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैंगिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**५. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः**

(१) कोषको रकम नियम ४ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि राहत समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

**६. राहत तथा आर्थिक समितिको गठनः** (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि एक राहत समिति रहनेछ ।

(२) राहत समितिको गठन देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| क) गाउँपालिका उपाध्यक्ष | -संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ग) सामाजिक विकास समिति संयोजक | -सदस्य |

धनिश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

[stamp]

घ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

ङ) जनस्वास्थ्य प्रवर्धन शाखा प्रमुख -सदस्य

च) प्रहरी चौकी प्रतिनिधि -सदस्य

छ) कानुनी मामिला शाखा प्रमुख -सदस्य

ज) लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरु मध्येबाट संयोजकले मनोनित गरेको एक जना -सदस्य

झ) महिला बालबालिका तथा सामाजिक विकाश शाखा प्रमुख-सदस्य सचिव

(३) राहत समितिको सचिवालय कार्यालयमा रहनेछ ।

(४) राहत समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **राहत समितिको काम, कर्तव्य र अधिकारः** राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत था आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(ग) जिल्लास्तरमा लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(घ) लैंगिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

८. **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हृद र आधारः** (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइनेछः-

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन पाँच सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन एक हजार रुपैयाँको दरले बढिमा पाँच हजार रुपैयाँ,

धनिश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रति दिन पाँच सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढिमा तीन दिनको बास खर्च बापत प्रतिदिन एक हजार रुपैयाँ र उपचार खर्च समेत गरी बढिमा पाँच हजार रुपैयाँ,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि बीउ पूँजीको रुपमा बस्तुगत तथा नगद अनुदान समेत गरी बढिमा बीस हजार रुपैयाँ,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) राहत समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ,

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिब आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिब देखिएमा राहत समितिले त्यस्तो पीडितलाई दुई हजार रुपैयाँमा नबढ्ने गरी मनासिब रकम थप गरी दिन सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल बाहिर रहे बसेको पीडितलाई राहत समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

९. **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्नेः** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्नर् मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिउमा राहत समितिले नियम ८ को अधिनमा ही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

धनि... पौडेल
प्रमुख प्रशासकीय अधिकृत

क) तत्काल रकम उपलब्ध गराउन सक्ने (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पडितिलाई त्तकाल उद्धार, औषधि उपचार, पुनस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा राहत समितिले अध्क्षल सो प्रयोजनको लागि कोषबाट पचास हजार रुपृयाँमा नबढ्ने गरी मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी राहत समितको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइएपछि बस्ने राहत समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

१०. **थप रकम निकासा माग गर्न सक्नेः** (१) राहत समितिबाट कार्यालयको नाममा निकासा भएको रकम अपर्याप्त भएमा कार्यालयले सो को कारण खुलाई गाउँ कार्यपालिकासँग थप रकम माग गर्न सक्नेछ ।

११. **छुट्टै खाता खोल्नु पर्नेः** (१) गाउँ सभाबाट कोषको लागि विनियोजन भएको रकम कार्यालयको नाममा कुनै बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

१२. **कोषको खेला र लेखा परिक्षणः** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१३. **आवर्ति (रिभल्भीङ) कोषः** यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

१४. **प्रतिवेदन पेश गर्नेः** (१) राहत समितिले प्रत्येक छमिहनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिकामा समक्ष पेश गर्नु पर्नेछ ।

(२) राहत समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक वर्ष भरिमा भए गरेका काम कारवाहीको प्रतिवेदन मन्त्रालयमा समेत पेश गर्नु पर्नछ।

(३) मन्त्रालयले उपनियम (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

१५. **बैठक भत्ताः** राहत समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

धनिश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इस्मा रजस्थल, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

१६. **निर्देशन दिन सक्ने:** (१) कार्यपालिकाले राहत समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु राहत समितिको कर्तव्य हुनेछ ।

१७. यस कार्यविधिको व्याख्या र आवश्यकता अनुसार संशोधन गर्ने अधिकार समेत गाउँ कार्यपालिकालाई हुनेछ ।

धनिश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत